लुम्बिनी प्रदेश सरकार
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सन्धिखर्क, अर्घाखाँची

पत्रसंख्या:२०७९/८०
च.न.

मिति :२०७९/१०/१७

प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक अनुदानग्राहीको लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकिशत मिति:२०७९/१०/१७

सूचना नं.३/०७९/८०

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँचीको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम प्रतिफलमा आधारीत प्रोत्साहन अनुदान कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०७९ बमोजिम सन्चालन गरिने भएकोले सो कार्यक्रममा सहभागी हुन वा आफु माताहतका सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक नियमानुसार दर्ता भएका समुह/सहकारी/ कम्पनि/निजि डेरी/उद्यमिहरुले तपशिल बमोजिमका सर्तहरु पालना गरि यो सूचना प्रकाशन भएको मितिले २१ दिन २०७९/११/०८ भित्र यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँचीमा निवेदन पेश गर्नु हुन सूचना प्रकाशन गरिएको छ साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौट का लागी समावेश नहुने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ।

१.अनुदानग्राहीको छनौट मापदण्ड:-

क.स.	बालि वस्तुको नाम	आवेदक	अनुदान दिने आधारहरु	प्रमाणित गर्ने आधारहरु
१	माछा/मासु/अण्डा/खसि/बोका/भेडा/बंगुर/राँगा	समुह/सहकारी/निजि उद्यमी	१.गत आ.व.को उत्पादन गरेको बाख्रा,भेडा,बंगुर,अण्डा तथा माछाको मासुको अभिलेख पेश गर्नु पर्ने। २.समुह सहकारी वा निजि उद्यमीले जिउदो मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शि रुपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनुपर्ने । ३.वार्षिक संकलित विक्री योग्य खसी/बोका/भेडा/बंगुर/राँगा माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरुबाट खरिद गरेको हुनुपर्ने। ४.मासु माछा वा अण्डाको उत्पादन रेकर्ड वडा/स्थानिय तह स्थित पशु सेवा शाखाको प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने छ। ५. पशु विमा गरेका पशुपालक कृषकहरुलाइ प्राथमिकता दिइने। ६.खसी/बोका/भेडाको हकमा प्रति समुह वा सहकारीबाट वार्षिक १०० गोटा र निजिको हकमा ५० गोटा, बंगुरको हकमा प्रति समुह वा सहकारी बाट वार्षिक ४०गोटा र निजिको हकमा २५ गोटा ,राँगाको हकमा प्रति समुह वा सहकारी वा निजिबाट वार्षिक २० गोटा कारोबार गरेको हुनुपर्ने । ७.माछाको हकमा सहकारीले कम्तीमा १ मे.टन र निजिले ५०० के.जी वार्षिक कारोबार गरेको हुनुपर्ने।	१.पशुपन्छी वा माछापालनको अभिलेख । २.सम्बन्धित वडा वा स्थानिय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन । ३.आवेदकको खरिद विक्रि अभिलेख। ४.विमा गरेको भए विमा अभिलेख। ५. आवेदकको खरिद विक्रि अभिलेख। ६.थोक विक्रि गर्ने भए सम्झौताको प्रतिलिपि वा विक्रि गरेको पसलको नाम ठेगाना र सम्पर्क नम्बर सहितको विवरण । ७.कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख। ८.संस्थाको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख। ९.स्थायी लेखा नम्बर। १०.संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण। ११.कारोबार खुल्ने वार्षिक लेखा परिक्षण प्रतिवेदन। १२.आवेदकको बैंक खाता नं ।

कार्यालय प्रमुख

२	दुध उत्पादन	सहकारी/कम्पनि/निजि डेरी/निजि उद्यमी	१.गत आ.व को श्रावण १ गते देखि असार मसान्त सम्म गरेको दुधको कारोवार अभिलेख पेश गर्नु पर्ने। २.समुह वा सहकारी वा कम्पनि वा निजि डेरी वा निजी उद्यमिले संस्थागत रुपमा खरिद बिक्रि गरेको हुनुपर्ने । ३.समुह वा सहकारी वा कम्पनि वा निजि डेरी वा निजी उद्यमिलेहरुले दुधको उत्पादन रेकर्ड पारदर्शी रुपमा उत्पादकको कृषकको नामावली सहित विवरण राखेको हुनुपर्ने । ४.दुधको उत्पादन रेकर्ड वडा /स्थानिय तह तथा प्राविधिको प्रतिवेदन। ५.पशु विमा गरेका कृषकहरुलाइ प्राथमिकता दिइने । ६.प्रति समुह/ सहकारी /कम्पनि/ मासिक औषत कम्तिमा ३००० हजार लिटर उत्पादन तथा बिक्रि गरेको हुनु पर्नेछ ७.निजि डेरी वा निजि उद्यमीले मासिक औषत कम्तिमा १५०० लि.उत्पादन तथा विक्रि गरेको हुनु पर्नेछ ।	१.आवेदकको नागरिकताको प्रतिलिपि । २.सहकारी वा कम्पनीले सस्थागत अभिलेख। ३.सम्वन्धित वडा वा स्थानिय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन । ४.सहकारीले आफै बिक्रि वितरण गर्ने भए बिक्रि अभिलेख र थोक बिक्रि गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्रि गरेको पसलको नाम ठेगाना र सम्पर्क नम्वर सहितको विवरण । ५.कृषकले व्यवसायीबाट लिएको भुक्तानिको अभिलेख । ६.स्थायी लेखा नं. करचुक्ता कागजात । ७.दुधको कारोवार खुल्ने वार्षिक लेखा परिक्षण प्रतिवेदन र आवेदकको बैंक खाता नं. ८.सहकारिबाट कृषकको खातामा भुक्तानि गरेको अभिलेख।

भुक्तानी प्रकृयाको हकमाः

.जिउदो खसि/बोका/भेडाको हकमा प्रति कि.ग्रा.रु.२५ का दरले।

.जिउदो वंगुरको हकमा प्रति कि.ग्रा.रु.१५ का दरले।

.माछाको हकमा रु. प्रति कि.ग्रा.१० का दरले।

.अण्डाको हकमा रु.२५० प्रति हजार गोटाका दरले।

. दुध उत्पादनममा वढिमा प्रति लि. रु.२।-



२.जम्मा वजेटः रु. ५०००००।-(पचास लाख मात्र)

३.आवेदनका लागि आवश्यक कागजातहरुः

- संस्था दर्ता करचुक्ता र नविकरणको प्रमानपत्र ।
- गत आ.व.०७८/०७९ विक्रि वितरणको परिमाण खुलेको लेखा परिक्षण प्रतिवेदन ।
- .अनुसूची ३५ अनुसारको निवेदन तथा अनुसूची ३७ अनुसारको कार्ययोजना ।
- स्थानियतहको सिफारिस।
- कार्यक्रम संचालन भएको स्थानको फोटोहरु।
- समुह/सहकारी/कम्पनीको हकमा गत आ.व.२०७८/०७९को वार्षिक साधारण सभाको प्रतिवेदन।
- कार्यक्रममा सहभागी हुने संस्था/कम्पनिको निर्णय प्रतिलिपी।
- .संस्थामा आवद्ध कृषकहरु/निजि उद्यमीको परिमाण (दुध/मासु/माछा/अण्डा) खुलेको वार्षिक विवरण ।
- पशु विमाका कागजात।
- थप जानकारीको लागि कार्यालयको टेलिफोन नं.०७७ ४२००७२ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

विष्णु प्रसाद पौडेल
नि. कार्यालय प्रमुख
कार्यालय प्रमुख

पुनश्चः यस कार्यक्रममा आवद्ध हुने इच्छुक सहकारी/कम्पनि/उद्यमी/निजि डेरीहरुले प्रस्तावित वस्तुहरुको उत्पादन प्रत्येक वर्ष क्रमशः कम्तिमा १० प्रतिशतले अनिवार्य बृद्धी गरेको हुनुपर्नेछ ।उत्पादन बृद्धि नगरेका सहकारी/उद्यमी/कम्पनि/निजि डेरीहरुलाई अनुदान रकम उपलब्ध गराईने छैन। यस सुचनामा छुट भएका बुदाहरु कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०७९ बमोजिम हुनेछ ।सवै मापदण्ड पुरा भएका प्रस्तावहरु बढि छनौट भइ कार्यक्रम बजेट नपुग भएमा प्रोत्साहन रकम दामासाहीले वितरण गरिनेछ ।उक्त कार्यविधि मन्त्रालयको वेभसाईट बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीको लागी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँचीमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

CamScanner

अनुसूची-३५

मितिः२०७९/...../.....

श्रीमान् कार्यालय प्रमुख ज्यू
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँची।

विषयः प्रतिफल (उत्पादन प्रवर्द्धन)मा आधारीत कृषक सहयोग कार्यक्रममा संहभागिता सम्वन्धमा।

प्रस्तुत विषयमा त्यँहा कार्यालयवाट मिति २०७९/..../.....मा प्रकाशित भएको सूचना अनुसार .....ले उत्पादन .....वालि/वस्तु प्रतिफल (उत्पादन प्रवर्द्धन) मा आधारित कृषक सहयोग कार्यक्रममा सहभागी हुन ईच्छुक रहेकाले तपशिल अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेका छु/छौ।

तपशिलः

क्र.स.	आवस्यक कागजातहरु	छ	छैन
१	समुह/सहकारी वा संस्था वा कम्पनी दर्ता/नविकरणको प्रमाणपत्र		
२	कर चुक्ता प्रमाणपत्र		
३	संस्थाको हकमा गत वर्षको लेखापरिक्षणको प्रतिवेदन		
४	सम्वन्धित स्थानिय तहको सिफारिस पत्र		
५	कार्ययोजना		
६	कार्यक्रम संञ्चालन भएको स्थलको फोटोहरु		
७	अन्य उल्लेखित कागजातहरु		

निवेदक

हस्ताक्षरः.....
नाम थरः.....
ठेगानाः.....
सम्पर्क नं.....
संस्थाको छापः

CamScanner

अनुसुची-३७

कार्यक्रमको संक्षिप्त व्यावसायीक कार्ययोजना

कार्यक्रमको नाम:

जिल्ला: अर्घाखाँची गा.पा./न.पा.....वडा नं.... टोल: गाँउ:

आवेदकको नाम:

सञ्चालक /अध्यक्षको नाम:

१.व्यवसायको परिचय:

२.उद्धेश्यहरु:

३.व्यवसाय संञ्चालन गरिने स्थानको संक्षिप्त विवरण:

४.व्यवसाय सञ्चालनका लागी रहेका पूर्वाधारहरु:

पूर्वाधार संरचनाहरु	किसिम	क्षमता
क.		
ख.		
ग.		

५. व्यवसाय सम्भाव्यताका आधारहरु (उत्पादन, प्रशोधन, प्रर्वद्धन र बजारिकरणका सम्भागहरु बारे विस्तृत विवरण)

क.

ख.

ग.

घ.

६.पशुपंक्षी पालन व्यवसायमा अनुभव:

७.तालिम सम्बन्धी विवरण:

८.सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरण:

क्र.स.	सञ्चालन गरिने क्रियाकलापहरु	अनुदान रु.	स्थागत लगानी रु.	अन्य निकायको अनुदान रु.	जम्मा लागानी रु.
जम्मा					

CamScanner

९.प्रस्तावित व्यवसायमा संलग्न हुने कृषकहरुको विवरण(समुह/सहकारी/समितिको हकमा)

क्र.स.	नामथर	ठेगाना	पशु/वस्तु	संख्या	हस्ताक्षर
नोटःयो तालिका अनुसारको विवरण राखी बैठकबाट निर्णय गरी पठाउने।					

१०.वस्तु उत्पादन तथा वजार योजनाः

उत्पादन हुने पशु/वस्तुको नाम	संख्या	उत्पादन	अनुमानित उत्पादन (परिमाण के.जि.वा लिटर)	प्रचलित बिक्री मुल्य	आम्दानी रु.
बोका/भेडा		मासु			
गाई/भैसी		दुध			
कुखुरा		अण्डा			
अन्य					

११.सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयूक्तता ( ) प्रभाव पार्ने वा( ) नपार्ने।

१२.व्यवसाय दिगो हुन्छ भन्ने आधारहरुः

क.

ख.

कार्ययोजना पेश गर्नेः

नामः

दस्तखतः

पदः

मितिः

संस्थाको छापः